बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

## ब्लक विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको लागि पुनः प्रकाशित सूचना
## पुनः सूचना प्रकाशित मिति २०८०/०६/२४

चालु आ.व. २०८०/८१ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, ब्लक विकास कार्यक्रम अन्तर्गत तपशिल अनुसारका पालिकाहरुमा तरकारी ब्लक कार्यक्रम संचालन गर्नुपर्ने भएकोले निर्धारित क्षेत्र भित्रका इच्छुक कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकिशत भएको मितिले ३० दिन (मिति २०८०/०७/२३) भित्र कृषि ज्ञान केन्द्र, ललितपुरमा ढाँचा (अनुसूची-१०) अनुसार कार्यक्रम मागको आवेदन फारम भरी आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा, कार्यालयको वेभसाइट lalitpur.akc.gov.np, फेसवुक पेज कृषि ज्ञान केन्द्र ललितपुर वा कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| क.स | कार्यक्रमको नाम | वाली/वस्तु | कार्यक्रम संचालन हुने स्थानीयतह | कार्यविधी |
|---|---|---|---|---|
| १ | ब्लक विकास कार्यक्रम | तरकारी | कागेश्वरीमनोहरा नगरपालिका, काठमाण्डौ । | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ |
| २ | ब्लक विकास कार्यक्रम | तरकारी | चाँगुनारायण नगरपालिका, भक्तपुर । | |
| ३ | ब्लक विकास कार्यक्रम | तरकारी | कोन्ज्योसोम गाउँपालिका, ललितपुर । | |

आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु

१. कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर/ मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. गत आ.व. को लेपापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
५. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा लिएको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
६. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
७. कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
८. अन्य कुनै निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।

फोन नं : ०१-५५३४५७३/६१६ ईमेल: akclalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np